राष्ट्रिय प्रकृति संरक्षण कोष

प्रेस विज्ञप्ति

**राष्ट्रिय प्रकृति संरक्षण कोषको सदस्य सचिवमा डा.नरेश सुवेदी पुनः मनोनयन**

राष्ट्रिय प्रकृति संरक्षण कोषको सदस्य सचिव पदमा संरक्षणविद् डा.नरेश सुवेदी पुनःमनोनयन हुनुभएको छ। राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९मा भएको व्यवस्था बमोजिम सदस्य सचिव पदमा पुनः मनोनयन हुनुभएको हो। विगत २५ वर्षदेखि कोषको सेवामा अनवरत रूपमा समर्पित डा. सुवेदीले यसअघि कोषको वरिष्ठ निर्देशक पदमा कार्यरत हुनुहन्थ्यो।

आफ्नो लामो सेवा अवधिका क्रममा डा. सुवेदीले नेपालको प्रकृति संरक्षण र जैविक विविधताको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनुभएको छ। उहाँकै विशेष पहल र सक्रियतामा नेपाल सरकारले ललितपुरस्थित सदर चिडियाखानाको व्यवस्थापन आगामी ३० वर्षका लागि पुनः राष्ट्रिय प्रकृति संरक्षण कोषलाई नै जिम्मा दिने निर्णय गरेको छ। यसका साथै,उहाँको नेतृत्वदायी क्षमता र अन्तर्राष्ट्रिय समन्वयका कारण विभिन्न दातृ निकायहरूबाट संरक्षण केन्द्रित २ सय भन्दा बढी परियोजनाहरू कोषमा भित्रिएका छन्, जसले नेपालको संरक्षण अभियानलाई थप सुदृढ बनाएको छ।

प्राज्ञिक र अनुसन्धानको क्षेत्रमा समेत डा. सुवेदीको उपस्थिति निकै प्रभावशाली रहेको छ। उहाँका हालसम्म करिब १५० भन्दा बढी उच्चस्तरीय अनुसन्धानमूलक कृतिहरू प्रकाशित भइसकेका छन् भने उहाँले दई दर्जनभन्दा बढी शोधकर्ताहरूलाई विद्यावारिधि (PhD) तहमा सफलतापूर्वक मार्गदर्शन गर्नुभएको छ।

संरक्षण विज्ञान र व्यवस्थापनमा दख्खल राख्ने डा. सुवेदीको कार्यकालमा कोषले प्रकृति संरक्षण, वन्यजन्तु व्यवस्थापन र जलवायु अनुकूलनका क्षेत्रमा थप नवीन र रणनीतिक उपलब्धिहरू हासिल गर्ने अपेक्षा गरिएको छ।

मितिः २०८२ पुस ३ गते

खुमलटार, ललितपुर, पो.ब.नं. ३७१२, काठमाडौं, नेपाल, फोन: ९७७-१-५२५३५७१, ५२५३५७३
ई-मेल: info@ntnc.org.np, वेभसाईट: www.ntnc.org.np